# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या १६, मकवानपुर, फागुन २६ गते, २०७७ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

## राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ५९

# राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना :**

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, स्वास्थ्य नीति, २०७१ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुर्‍याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यविधि राक्सिराङ्ग गाउँ कार्यपालिकाको मिति २०७७/११/२६ को ५८औं बैठकले स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "राक्सिराङ्ग अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहनेछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) वमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यवाट सुलभरुपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम स्थापित महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द र आयुर्वेद औषधालय तथा केन्द्र सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

# परिच्छेद -२

## अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति

**३. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन :** (१) राक्सिराङ्ग अस्पतालको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न देहायको एक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

| | | |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| ३ | अस्पताल अवस्थित वडा अध्यक्ष | सदस्य |
| ४ | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५ | अस्पताल अवस्थित रहेको क्षेत्रको बिध्यालयको प्रमुख वा प्राचार्य | सदस्य |
| ६ | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वामसेबिकाबाट एक जना | सदस्य |
| ७ | अस्पताल प्रमुख | सदस्य सचिव |

(२) पदेन सदस्य वाहेक समितिका सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ ।

तर, निर्वाचित पदाधिकारीहरुको हकमा निर्वाचित पदावधि समाप्त भएपछि स्वतः समिति पदाधिकारीको पदावधि समेत समाप्त हुनेछ ।

(३) कुनै सदस्यको मृत्यु भएमा, लिखित राजिनामा दिई सो राजिनामा समितिबाट स्विकृत भएमा, अदालतबाट फौजदारी अभियोगमा कसूरदार ठहरिएमा, लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा पद रिक्त हुनेछ ।

४. **बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थितिमा जेष्ठ सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

(४) कुल सदस्य संख्याको ५१ प्रतिशन सदस्य उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

५. **अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा

आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।

(ख) स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको ब्यवस्था गर्ने ।

(ग) स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

(घ) सम्वन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी सम्वन्धित तहमा पेश गर्ने ।

(ङ) अस्पतालको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(च) अस्पतालको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

(छ) स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

(ज) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

(झ) स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने

गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

(ञ) गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

(ट) स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने ।

६. **अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र :** अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्बमोजिम हुनेछ ।

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रबाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरु आफनो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(घ) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको ( Wider Social Determinants of Health)

कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागुगर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत गर्न सिफारिस गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह ( भवन, औषधि, औजार, उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्रोत साधनको पहिचान तथा परिचालन तथा व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(ञ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । त्यस्ता सूचना तथा

तथ्यांकको अभिलेख र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ट) अस्पतालको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने

(ठ) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ड) विद्युतीय स्वास्थ्य (e-health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जान सहयोग गर्ने । सोको कार्यान्वयनका लागि गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासँग आवश्यक सहयोग र समन्वय गर्ने ।

(ण) पालिकाको स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

(त) आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुवीच स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने तथा सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

(थ) आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता बैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमहरुलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

(द) समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

(ध) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आबश्यक व्यवस्थापन गर्ने ।

(न) पोषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा ब्यवस्थित गर्ने ।

(प) सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

## परिच्छेद -३

# कर्मचारी ब्यवस्थापन र सेवा प्रवाह

७. **कर्मचारी व्यवस्थापनः** (१) साविक चैनपुर स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी राक्सिराङ्ग अस्पताल गठन गरेको हुँदा साविक चैनपुर स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी लगायत सवै कर्मचारीलाई राक्सिराङ्ग अस्पतालमा खटाइनेछ ।

(२) राक्सिराङ्ग अस्पतालमा कार्यचाप बढी उपदफा (१) मा उल्लेखित स्वास्थ्यकर्मी तथा कर्मचारीहरुबाट सेवा प्रभाह गर्न कठिनाई भएमा राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका स्वास्थ्य कार्यालयहरुमा कार्यरत स्वास्थ्यकर्मी वा अन्य कर्मचारीलाई निश्चित अवधिको लागि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयमा गाउँ कार्यपालिकाको कार्यालयले काजमा खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम काजमा खटाउँदा समेत अपुग भएमा वा त्यसरी काजमा खटाउँदा अन्य स्वास्थ्य

संस्था वा कार्यालयको कामकाजमा बाधा पर्न जाने देखिएमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय तथा सिफारिस अनुसार गाउँ कार्यपालिकाले श्रोतको सुनिश्चित गरेपश्चात राक्सिराङ्ग गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि बमोजिम निश्चित अवधिको लागि प्राविधिक कर्मचारी करारमा राख्न सकिनेछ ।

८. **अस्पतालबाट सञ्चालन गरिने कियाकलाप तथा प्रवाह हुने सेवा :** राक्सिाराङ्ग अस्पतालबाट अनुसूची १ मा उल्लेखित क्रियाकलाप तथा सेवाहरु सञ्चालन हुनेछ ।

# परिच्छेद - ४

# अस्पताल सञ्चालन कोष र सो को व्यवस्थापन

९. **अस्पताल सञ्चालन कोष :** (१) राक्सिराङ्ग अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि एक अस्पताल सञ्चालन कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको राक्सिारङ्ग अस्पताल सञ्चालन कोषमा देहयको रकम रहनेछ,

(क) अस्पतालको आन्तरिक श्रोतको रकम,

(ख) स्थानीय, प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदानको रकम,

(ग) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्य रकम ।

१०. **कोषको सञ्चालन विधि :** (१) दफा ८ बमोजिम अस्पताल सञ्चालन कोषको सञ्चालन अस्पताल प्रमुख र लेखा प्रमुख संयुक्त दस्तखतबाट हुनेछ । लेखा प्रमुख नभएको अवस्थामा अस्पताल प्रमुख र गाउँ कार्यपालिकाको कार्यालयको लेखा प्रमुख वा निजले तोकेको लेखापालको संयुक्त दस्तखतबाट हुनेछ ।

**११. लेखापालन :** (१) अस्पताल सञ्चालन कोषको लेखापालन संघ, प्रदेश तथा स्थानीय सरकारका प्रचलित कानुन वमोजिम राख्नु पर्नेछ ।

(२) प्रचलित कानुन वमोजिम लेखापालन गर्ने, गराउने, सो को अभिलेख राख्ने प्रमुख दायित्व अस्पताल प्रमुखको हुनेछ ।

**१२. लेखा परीक्षण :** अस्पताल सञ्चालन कोषको लेखा परीक्षण प्रचलित कानुन वमोजिम हुनेछ ।

(२) प्रचलिलत कानुन वमोजिम लेखा परीक्षण गराउने दायित्व अस्पताल प्रमुख र लेखा प्रमुख वा लेखापालको हुनेछ ।

# परिच्छेद - ५

# अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

**१३. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षको काम कर्तव्य र अधिकार :** अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) आफ्नो गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि सामाजिक विकास शाखा, स्वास्थ्य इकाई लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

(ख) गाउँपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

(ग) अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्न्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

(घ) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

(ङ) कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण
भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने ।

(च) कर्मचारीहरुको कामको नियमित मूल्याकंन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

(छ) कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीमा पठाउन सहमति दिने ।

(ज) स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप

कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

(झ) समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

(ञ) समय समयमा अस्पतालको निरीक्षण गरी अस्पतालको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

**१४. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

(१) अध्यक्षको अनुपस्थितिमा दफा १२ बमोजिम अध्यक्षले गर्ने कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(२) समिति वा समितिको अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

**१५. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सदस्यको काम कर्तव्य र अधिकार :**

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका दस्यहरुको काम, कर्तव्य र अधिकार देहय वमोजिम हुनेछ,

(क) स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रकियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुऱ्याउने ।

(ख) स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग गर्ने ।

(ग) कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी गिराउने ।

(घ) समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने ।

(ङ) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने  अवस्था परेमा अध्यक्षता गर्ने ।

(च) समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य  कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

(छ) समितिका सदस्यहरुले पालैपालो गरी क्लष्टर स्तरीय (रिपोर्टिङ्ग सेन्टर  स्तरीय) मासिक समीक्षामा भाग लिने ।

(ज) आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु अस्पताल नियमित सञ्चालनहुने व्यवस्था गर्ने ।

(झ) स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा  सहकार्य गर्ने गराउने ।

**१६. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकार :** अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,

(क) अस्पतालबाट नियमित रुपमा प्रभावकारी स्वास्थ्य सेवा प्रवाहको आवश्यक व्यवस्था मलाउने ।

(ख) अस्पतालको दैनिक तथा प्रशासनिक कामकाज गर्ने, गराउने ।

(ग) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सचिवको रुपमा कामकाज गर्ने ।

(घ) अस्पतालको नगद, जिन्सी लगायत सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने ।

(ङ) अस्पतालमा आवश्यक औषधी, उपकरणको नियमित निरिक्षण गरी अभावको अवस्था आउन नदिने ।

(च) अस्पतालसँग सम्वन्धित समस्या, आवश्यकताहरु निर्क्यौल गरी सञ्चालन तथा व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(छ) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद – ६
## विविध

१७. **संशोधन :** यो कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक भएमा अस्पताल सञ्चालन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१८. **वाधा अड्काउ फुकाउने अधिकार :** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउन परेमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची १
## (दफा ८ सँग सम्वन्धित)
## अस्पतालबाट सञ्चालन गरिने क्रियाकलाप तथा प्रवाह गरिने सेवाहरु

| |
|---|
| **योजना तर्जुमा**<br>• स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गरी राख्ने । |
| • राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आबधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने । |
| • स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने । |
| कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । |
| **परिवार नियोजन कार्यक्रम** |
| • कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने । |
| • परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । |

| |
|---|
| • परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने । |
| • बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुऱ्याउने । |
| • परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । |
| • परिवार नियोजनका साधनहरुको पर्याप्त मौज्दात कायम राख्ने । |
| **स्वास्थ्य कार्यक्रमहरु** |
| (क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने । |
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने । |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने । जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने । |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने । |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारेस्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने । |
| (च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले. महिला स्वास्थ्य स्वयं |

| |
|---|
| सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुकोविवरण बनाई राख्ने । |
| **खोप** |
| (क) खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने । |
| (ख) खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरुको लगत तयार गर्ने र अद्यावधिक राख्ने । |
| (ग) खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने । |
| (घ) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने । |
| (ङ) खोप क्लिनिक सञ्चालन गर्ने । |
| (च) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउनेर सुक्ष्म योजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने । |
| **पोषण** |
| (क) पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने । |
| (ख) ३ वर्ष मुनिका बच्चाहरुको बृद्धि अनुगमन गर्ने । |
| (ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने । |
| **स्वास्थ्य कार्यकमहरु** |
| (घ) कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी पठाउने । |

| |
|---|
| (ङ) भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने । |
| (च) आयोडिनयुक्त नुनको प्रयोगकोप्रवर्द्धन गर्ने । |
| (छ) सन्तुलित भोजनबारे सवै परिवारसम्म चेतना पुऱ्याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने । |
| **झाडापखाला** |
| (क) झाडापखाला रोकथामबारे स्वास्थ्य शिक्षा दिने । |
| (ख) ओ.आर.टी. कर्नर स्थापना गरी सञ्चालन गर्ने । |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने । |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुकोमौज्दात स्थिती अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने । |
| **श्वास प्रश्वास** |
| क) श्वास-प्रश्वास रोगको रोकथामबारेस्वास्थ्य शिक्षा दिने । |
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति (क्तबलमबचम त्चभबतकभलत एचयतयअयर्ा ) अपनाई उपचार गर्ने । |
| (ग) उपचार हुन नसकेका विरामीलाई तत्कालै प्रेषण गरी |

| |
|---|
| पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने । |
| (घ) श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुनेव्यवस्था मिलाउने । |
| **औलो तथा कालाजार** |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपायबारे जनचेतना जगाउने । |
| **स्वास्थ्य कार्यकमहरु** |
| (ख) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना संकलन कार्यलाई व्यवस्थित गर्ने । |
| (ग) औलो रोग तथा कालाजार शंका गरिएका व्यक्तिको रक्त नमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने । |
| (घ) औलो रोग तथा कालाजार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने ( माग गर्ने/वितरण गर्ने) |
| (ङ) प्रभावित क्षेत्रमा सिफारिश गरिएको कीटनासक औषधि छर्कनेर झूल बितरण कार्य सञ्चालन गर्ने । |
| **क्षयरोग नियन्त्रण** |
| (क) क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |

| |
|---|
| (ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने । |
| (ग) प्रमाणित भएका रोगीको म्इत्क विधि अनुसार उपचार गर्ने । |
| (घ) दर्ता भएका तर उपचारमा नआउनेविरामीको खोजी गरी उपचार नियमित गराउने । |
| (ङ) क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने । |
| (क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पुर्नस्थापना बारे जनचेतना जगाउने । |
| (ख) कुष्ठरोगबाट प्रभावितहरुको लागि नियमित क्लिनिक सञ्चालन गर्ने । |
| (ग) कुष्ठरोगकोउपचार र औषधिको प्रतिक्रियाबारे परामर्श दिने । |
| (घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने । |
| (च) कुष्ठरोगको रोकथाम तथा कुष्ठरोगप्रतिको |
| **स्वास्थ्य कार्यक्रमहरु** |
| जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने/स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |

| |
|---|
| **एड्स, यौनरोग** |
| (क) एच.आई.भी.,एड्स,यौनरोग रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने । |
| (ख) यौनरोग को उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने । |
| महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप |
| (क) आफ्नो कार्यक्षेत्रमा कुनै पनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने र महामारीको बारेमा स्वास्थ्य संस्थाहरुमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुकासाथै सोबारे माथिल्लोनिकायलाई जानकारी गराउने । |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.संग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने । |
| **वातावरणीय सरसफाई** |
| (क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरकोवाताबरण सरसफाई राख्ने । |
| (ख) कार्यालय परिसर, सुई, मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने । |
| (घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । |

| |
|---|
| **स्वास्थ्य शिक्षा** |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी, नाटक, झाँकी आदिको प्रदर्शन गर्ने । |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय संचार माध्यमको उचित प्रयोग गर्ने । |
| (ग) पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षय, कुष्ठ, कालाजार, एड्स/यौनरोग, व्यक्तिगत तथा |
| **स्वास्थ्य कार्यक्रमहरु** |
| **उपचार सेवा** |
| क) नियमानुसार १० देखि ५ बजेसम्म नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने (ओ.पि.डी टिकट १० देखि २ बजेसम्म खुल्ला हनेछ ) |
| (ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने । |
| (ग) आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने । |
| (घ) अन्तरङ्ग उपचार सेवा दिने |
| ङ) रक्तचाप (Blood Pressure) परीक्षण, धड्कन, नाडी (Pulse) चेक गर्ने, ज्वरो नाप (Temparature), श्वासप्रश्वास (Respiration) बृद्धि बिकास, तौल उचाई परीक्षण (Growth Monitoring) सम्बन्धी सेवा दिने । |

| |
|---|
| च) बेहोस (Level of Consciousness), जन्डिस (Assesment for Joundice), रक्तअल्पता (Anemia), लिम्फनोड (Lymphnodenlargment) सुन्निएको (Edema), निलोपन (Cynosis), क्लविङ्ग (Clubbing), छाती (Chest), मुटु (Heart) सम्बन्धी उपचार सेवा दिने । |
| छ) नसा सम्बन्धी जांच (Neurological Examination) मोटर (Motor), सेनसोरी (Sensory), मानसिक (Mental Function), टाउको र गर्दन (Head and Neck evaluation) |
| ज) पेट सम्बन्धी (Abdominal Examination) यौनाË परीक्षण (Genitalia Examination), स्पाईनल परीक्षण(Spinal Examination), लिम्बस्परीक्षण (Limbs Examination) गर्ने । |
| झ) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्चरक्तचापको निदान, उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने । |
| ञ) व्यवस्थापन (Management) ज्वरो (Fever), टाउको दुखेको (Headache), |
| **स्वास्थ्य कार्यक्रमहरु** |
| जीउ दुखेको (Bodyache), खोकी लागेको (Cough), पाँच वर्ष मुनीको बच्चा बिरामी (IMNCI), न्यून श्वासप्रश्वास |

| |
|---|
| (Shortness of breath), छाती पोलेका] (Burning Chest), पेट सम्बन्धी (Abdominal Pain), झाडापखाला (Diarrhoea), बान्ता (Vomiting/ Nausea), कब्जियत (Constipation), दिसामा रगत (Bleeding Per Rectum), पिसाबमा रगत (Bleeding Per Vagina),उच्चरक्तचाप (Hypertension), चिनी रोग (Diabetes), मलेरीया (Malaria) सम्बन्धी उपचार र व्यवस्थापन गर्ने । |
| **मेडिको-लिगल केश** |
| (क) टाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने । |
| (ख) लास जाँच गरी प्रमाणित गर्ने । |
| **अनुगमन** |
| (क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने । |
| (ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने । |
| (ग) माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने । |
| **प्रशासनिक कार्य** |

| |
|---|
| क) आएको सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने । |
| ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राख्ने । |
| ग) प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने । |
| **स्वास्थ्य कार्यक्रमहरु** |
| घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने । |
| ङ) आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने । |
| च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन्भन्ने कुराको यकिन गर्ने । |
| छ) सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । |
| **अभिलेख तथा प्रतिवेदन** |
| क) व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राख्ने तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा तिवेदन पठाउने । |
| ख) आवश्यक पर्ने फर्म, रजिष्टर, कार्डहरु कमसेकम ३ |

| |
|---|
| महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने । |
| क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने । |
| ख) थप भएका नयाँ कार्यक्रमहरु निर्देशिका अनुसार सञ्चालन गर्ने । |
| ग) कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाला पक्षसंग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने, गराउने कार्यमा सहयोग गर्ने । |

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १५ मात्र ।**